## अनुसूचि-१: प्रस्ताव नं १ बमोजिम निर्णय हुनुपर्ने व्यहोरा

आज मिति २०७९/०५/२३ गते यस कालिका नगरपालिका अन्तर्गतको नगर विपद व्यवस्थापन समितिको बैठक यस समितिका संयोजक श्री बिनोद रेग्मी ज्यूको अध्यक्षतामा बसी देहायको उपस्थिति बिभिन्न प्रस्ताव माथि छलफल गरि निर्णय गरियो ।

उपस्थिति

| | | | |
|---|---|---|---|
| नगर प्रमुख | संयोजक | बिनोद रेग्मी | |
| नगर उपप्रमुख | सदस्य | बिमला तामाङ | |
| प्र.प्र.अ. | सदस्य | केशव प्रसाद उपाध्याय | |
| सामाजिक विकास समिति | सदस्य | मकर मन्न श्रेष्ठ | |
| आर्थिक विकास समिति | सदस्य | दिपक सिंह परियार | |
| पुर्वाधार विकास समिति | सदस्य | लक्ष्मण पौडेल | |
| बातावरण तथा विपद व्यवस्थापन समिति | सदस्य | बिरेन्द्र तामाङ | |
| संस्थागत विकास र सुशासन समिति | सदस्य | दिपक बहादुर भट्टराई | |
| आर्थिक विकास समिति | सदस्य | दिपक सिंह परियार | |
| जि. प्र.का. प्रतिनिधि | सदस्य | | |
| ~~सामाजिक~~ शिक्षा शाखा प्रमुख | सदस्य | हेम चन्द्र [illegible] | |
| पुर्वाधार विकास शाखा प्रमुख | सदस्य | राजेश कोइराला | |
| योजना शाखा प्रमुख | सदस्य | शिव प्रसाद ~~शर्मा~~ पोखरेल | |
| ईलाका प्रहरी प्रमुख | सदस्य | नवराज खिमिरे | |
| स-सस्त्र प्रहरी बल प्रमुख | सदस्य | | |
| राजनीतिक दलका प्रतिनिधि (ने.क.पा.एमाले ) | सदस्य | केशव लामा | |
| राजनीतिक दलका प्रतिनिधि (ने.का.) | सदस्य | फडिन्द्र लामिछाने | |
| राजनीतिक दलका प्रतिनिधि (ने.क.पा.मा.के.) | सदस्य | बुद्धि पाण्डे | |
| राजनीतिक दलका प्रतिनिधि (लो.स.पा) | सदस्य | प्रेम कुमार श्रेष्ठ | |
| ने.रे.सो का प्रतिनिधि | सदस्य | लिला बहादुर गुरुङ | |
| गै.स.स. प्रतिनिधि | सदस्य | | |
| बि.व्या. हेर्ने शाखा प्रमुख | सदस्य सचिब | समुन्द्र कंडेल | |

अन्य उपस्थिति

१. चित्रबहादुर मल्ल कालिका-८
२ कमल राज पुल्कान कालिका-6
३ तरजंग प्रजा कालीका १०
४) सन्तबिर ह्याउफ्लान ९

प्रस्तावहरु

१. विपद कोषबाट खर्च भएका (आ.व. ०७८/०७९ र ०७९/८०) विभिन्न योजनाको खर्च अनुमोदन सम्बन्धमा।

२. जिल्ला विपद व्यवस्थापन समितिको मिति २०७९/०५/१६ को च.न. १०२९ को पत्रानुसार आवश्यक समन्वय गरी कार्य आगाडी बढाउने सम्बन्धमा।

३. डेंगु रोग नियन्त्रण सम्बन्धमा।

४. नगर दर रेट कायम गर्ने सम्बन्धमा।

निर्णयहरु

१. प्रस्ताव नं. १ उपर छलफल गर्दा , विपद व्यवस्थापन समितिको बैठकबाट निर्णय भई सोही अनुरुप सम्झौता भई भुक्तानीको लागि पेश हुन आएका तपसिल बमोजिमका योजनाहरुको भुक्तानी फरफारक गर्ने निर्णय गरियो।

तपसिल

| सि.नं. | योजनाको नाम | विनियोजित बजेट | मुल्यांकन भई माग भएको |
|---|---|---|---|
| १ | समिपुर आगाडी सडकको खाल्डोमा ग्रावेल गर्ने काम। | ४८,५००/- | ४८,५००/- |
| २ | थाङखोला सामुदायिक बन क्षेत्र भित्र रहेको बौद्ध दाहसंस्कार स्थल संमक्षण। | ४,३६,५००/- | ४,३६,५००/- |
| ३ | गैरीगाउँ कयर खोला तटबन्ध। | ६,४०,०००/- | ६,४०,०००/- |

२. प्रस्ताव नं. २ उपर छलफल गर्दा , जिल्ला विपद व्यवस्थापन समितिको मिति २०७९/०५/१६ को च.न. १०२९ को पत्रानुसार बुंङखहरे खोलाको प्राकृतिक बहाव दक्षिण तर्फ साँघुरो हुदै गएको र पश्चिम तर्फ बहने कुलो पुरिएको कारण दक्षिण पट्टीको बसोबास क्षेत्रमा डुबान हुने गरेकोले पश्चिम तर्फ हुदै खगेरी जाने कुलो सफा गरी डुबान क्षेत्रमा बहने पश्चिमको बहाव कम गरी मानबीय तथा भौतिक क्षति न्युनीकरण गर्ने भनी निर्णय भएकोले , डिभिजन वन कार्यालय संग समन्वय गरी भाद्र महिनामा उक्त कुलो सफा गर्ने निर्णय गरियो।

३. प्रस्ताव नं. ३ उपर छलफल गर्दा , वडा समिति सदस्य र स्वास्थ्य इकाईका प्रतिनिधिको उपस्थितिमा टोल बिकास संस्थाबाट सचेतना कार्यक्र्म संचालनका लागि प्रति टोल विकास संस्था (ब्यानर,माइक र विबिध ) खर्चमा रु. २,०००/- को दरले कार्यक्रम सम्पन्न भएको तस्बिर , बिल भरपाई राखी वडा कार्यालय मार्फत शोध भर्ना गर्ने निर्णय गरियो।

४. प्रस्ताव नं. ४ उपर छलफल गर्दा , टिप्पर प्रयोग गरी ग्राबेल गर्ने कार्यलाई वार्ड कार्यालयले सिफारिस गरेको परिमाण बमोजिम एक टिप्पर बराबर (प्रानिधिक बाट तयार गरिएको) मु.अ.क. सहित रु. ३,४७३.२६/- हुन आउने रकम भुक्तानी गर्ने निर्णय गरियो।

२०७९/५/२२

अनुसूचि - २ : प्रस्ताव नं २ बमोजिम निर्णय हुनुपर्ने व्यहोरा

आज मिति २०७९/०५/३१ गते कालिका नगरपालिकाका नगर प्रमुख तथा कालिका नगर शिक्षा समितिका अध्यक्ष श्री बिनोद रेग्मी जूको अध्यक्षयतामा बसेको नगर शिक्षा समितिको बैठकको उपस्थिति र निर्णय निम्नानुसार रहेको छ।

उपस्थिती :

| | |
|---|---|
| अध्यक्ष श्री बिनोद रेग्मी | (नगर प्रमुख ) |
| सदस्य श्री बिमला तमाङ् | (नगर उप प्रमुख ) |
| सदस्य श्री केशवप्रसाद उपाध्याय | (प्रमुख प्रशासकीय अधिकृत ) |
| सदस्य श्री मकरमान श्रेष्ठ | ( सामाजिक विकास समिति संयोजक ) |
| सदस्य श्री सम्झना परियार | ( कार्यपालिका सदस्य ) |
| सदस्य श्री केशव लामा | (शिक्षा प्रेमी ) |
| सदस्य श्री बोधनाथ थपलीया | (वि.व्य.स. अध्यक्ष) |
| सदस्य श्री डा. हरीप्रसाद कंडेल | (प्रधानाध्यापक) |
| सदस्य श्री जित बहादुर भट्टराई | (शिक्षक महासंङ अध्यक्ष) |
| सदस्य श्री चित्र बहादुर रायमाझी | (प्रधानाध्यापक) |
| सदस्य सचिव श्री खेमनन्द भुषाल | (शाखा प्रमुख) |

निर्णयहरुः

निर्णय नं.१. कालिका नगर शिक्षा समितिको मिति २०७९/०५/२३ गतेको बैठकबाट गठित अनुगमन प्रतिवेदन समितिले बिद्यालय अनुमति (तह थप) सम्वन्धमा स्थलगत अनुगमन गरि पेस गरेको प्रतिवेदन उपर छलफल गरि शैक्षिक सत्र २०७९ देखि विद्यालय अनुमति (तह थप) माग गरेको निम्नानुसारको विद्यालयलाई तोकिए बमोजिमको तह थपको अनुमति प्रदान गर्न कालिका नगर कार्यपालिकालाई सिफारिस गर्ने निर्णय गरियो।

तपशिल :

| क्र.स. | बिद्यालयकको नाम | ठेगाना | कक्षा / तह थप |
|---|---|---|---|
| १. | श्री राष्ट्रिय आधारभूत बिद्यालय शमिपुर | कालिका न.पा-१ | कक्षा -९ (तह थप) |